# राजस्व न्यायाधिकरण काठमाडौ
## इजलास
## माननीय अध्यक्ष श्री किशोर सिलवाल
## राजस्व सदस्य श्री नरनाथ गिरी
## लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाई
## फैसला

२०७६।०७७ सालको निर्णय नं. १२९

पुनरावेदन नं.०७५-**RB**-०१४१

**मुद्दाः- आयकर (२०७१/०७२) ।**

ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं.२, चौधरी हाउस, सानेपमा प्रधान कार्यालय रहेको सि.जी.इलेक्ट्रोनिक्स प्रा.लि.का अख्तियार प्राप्त ऐ.का नायब प्रबन्धक टिकाराज कार्की ..........................................................................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुर ..........................................१
आन्तरिक राजस्व कार्यालय, लाजिम्पाट काठमाडौ,......................................१ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री मेघराज पोखरेल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्धान उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेत

**शुरु निर्णय गर्ने कार्यालयः श्री ठूला करदाता कार्यालय, ललितपुर ।**

शुरु निर्णय गर्ने पदाधिकारीः - प्रमुख कर प्रशासक श्री शोभाकान्त खरेल ।

शुरु निर्णय मितिः २०७३/०३/२०

नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको ठूला करदाता कार्यालय, ललितपुर समेतको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा दफा ६ (१) र आयकर ऐन २०५८ को दफा ११६ बमोजिम पर्न आएको यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

## तथ्य खण्ड

१. करदाता सि.जी.इलेक्ट्रोनिक्स प्रा.लि.ले आ.व. २०७१/०७२ को आय आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार कर योग्य आय रु. ७,९३,८२,७१८।५६ करयोग्य आय कायम गरी मिति २०७२/०९/३० मा विवरण पेश गरेको।

२. करदाताले आ.ब.०७१/०७२ पेश गरेको विवरणको अध्ययन, छानविन तथा परीक्षण गर्दा कर लेखा परिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार आयकर ऐन, २०५८ बमोजिम समावेश गर्नुपर्ने आय समावेश नभएको/कट्टी गर्न नपाउने खर्च दावी भएको र सोही ऐनको दफा १०१ बमोजिम कर निर्धारण गर्ने प्रयोजनको लागि रु.८,२२,४२,९२४।८७ संशोधित कर योग्य आय कायम गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबूत प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न आयकर ऐन २०५८ को दफा १०१ (६) बमोजिम ठूला करदाता कार्यालय ललितपुरबाट करदाताको नाममा मिति २०७३/०३/१४ मा सूचना जारी भएको ।

३. ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७३/०३/१४ मा जारी भएको सूचना करदाताले मिति २०७३/०३/१६ मा बुझिलिई सोको प्रतिक्रिया सहितको लिखित जवाफ मिति २०७३/०३/१९ मा पेश गरेको।

४. आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम करदाताको आ.व. २०७१/०७२ को लागि रु. ८,२२,४२,९२४।८७ कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७३/०३/२० मा भएको निर्णय पर्चा ।

५. ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७३/०३/२० मा जारी गरेको आ.व. २०७१/०७२ को आयकर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी सि.जी.इलेक्ट्रोनिक्स प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७३/०५/०६ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. करदाताले आ.ब. ०७१/०७२ मा विक्री वितरण खर्च अन्तर्गत अन्य विज्ञापन खर्च भनेर दावी गरेका खर्चलाई पृष्टी गर्ने विल भरपाई समेत संलग्न नभएको, व्यवस्थापन खर्च अन्तर्गत रिकभरी खर्च भनि वित्तिय विवरणको अनूसुची १० मा उल्लेख गरि सो खर्चलाई पृष्टी गर्ने आधारिक प्रमाण पेश गर्न नसकेको अग्रिम करकट्टी गरी दाखिला गरेको रिकभरी खर्च भनि खर्च कट्टी दावी गरेको त्यस्तै मेस खर्च शिर्षकमा

कर्मचारीहरुको **working lunch** अन्तर्गत लेखिएको वास्तविक खर्च हो भनि दावी भएका केही भौचर साथ विजक तथा भरपाई लगायत कुनै प्रमाणहरु संलग्न नभएको, विविध खर्च कम्पनीको कार्यालयमा रहेको मन्दिरमा वर्षभरी गरिने नित्यपूजा दिपावली पुजा विश्वकर्मा पूजा लगायतको पूजा गर्नका लागि फुल प्रसाद लगायत गरिएको वर्ष भरको खर्च हो। यी खर्चहरु वास्तविक खर्च भएको हुदाँ विविध खर्च शिर्षकमा लेखेको आधारमा मात्र मिन्हा गर्न मिल्दैन भनि उल्लेखित खर्चलाई पुष्टी गर्ने आधिकारिक विल भरपाईहरु नआएको हुदाँ विपक्षी कार्यालयले खर्च कट्टी गर्न नमिल्ने भनि मिति २०७३/०३/२० को निर्णय बदर गरी पाउँ भन्ने समेत जिकीर लिई करदाताको तर्फबाट मिति २०७५/०८/१६ मा पुनरावेदन पत्र दर्ता भएको।

**ठहर खण्ड**

७. नियम बमोजिम पेसी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पुरावेदकका तर्फबाट उपस्थित रहनु भएका विद्वान अधिवक्ताद्वय श्री टिकाराम कार्की र मेघराज पोखरेलले पुनरावेदक करदाताले विज्ञापन खर्च, रिकभरी खर्च पृष्टी गर्ने प्रमाण उपलब्ध नगराइएको एजेन्सी मार्फत विज्ञापन गर्दा गरेको विल मान्ने तर **wall** मा गरेको विज्ञापनलाई नमान्ने मेस खर्च अन्तर्गत कर्मचारीलाई खाजा उपलब्ध गराइएको त्यस्तो खर्चलाई **working lunch** अन्तर्गत राखि समावेश गरिएको हो।सोही शिर्षक अन्तर्गत विल भरपाई पेश गरि वास्तविक खर्चलाई अमान्य हुने गरि निर्णय भएको , विविध खर्च कम्पनीको कार्यालयमा रहेको मन्दिरमा वर्षभरी गरिने नित्यपूजा, दिपावली पुजा, विश्वकर्मा पूजा लगायतको पूजा गर्नका लागि फुल प्रसाद लगायत गरिएको वर्ष भरको खर्च हो। यी खर्चहरु वास्तविक खर्च भएको हुदाँ विविध खर्च शिर्षकमा लेखेको आधारमा मात्र मिन्हा गर्न नमिल्दा पनि  शुरु कार्यालयबाट भएको निर्णय बदरभागी छ। उक्त निर्णय उल्टी गरी पुनराबेदकको पुनराबेदन जिकिर बमोजिम कायम भएको करयोग्य आयबाट पुनराबेदकले आयकर छुट पाउनु पर्छ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

८. प्रत्यर्थी ठूला करदाता कार्यालय समेतको तर्फबाट उपस्थित विशेष सरकारी वकिलको कार्यालय काठमाण्डौका विद्वान उपन्यायाधीवक्ता श्री शम्भु कुमार बस्नेतले करदाताले विज्ञापन खर्च, रिकभरी खर्च भनेर दावी गरेको भएतापनि कुनै पृष्टी गर्ने प्रमाण उपलब्ध नभएको मेस खर्च अन्तर्गत कर्मचारीलाई खाजा उपलब्ध गराएको त्यस्तो खर्चलाई **working lunch** अन्तर्गत मेस खर्च लेखिएको उल्लेखित खर्च वास्तविक खर्च भनि दावी गरेको भएपनि कुनै विजक भरपाई पेश नगरी विना खर्चलाई खर्चकट्टी दिन मिल्ने देखिन

आएन।विविध खर्च कम्पनीको कार्यालयमा रहेको मन्दिरमा वर्षभरी गरिने नित्यपूजा, दिपावली पुजा, विश्वकर्मा पूजा लगायतको पूजा गर्नका लागि फुल प्रसाद लगायत गरिएको वर्ष भरको खर्च हो। यी खर्चहरु वास्तविक खर्च भएको हुदाँ विविध खर्च शिर्षकमा लेखेको आधारमा मात्र मिन्हा गर्न नमिल्दैन भनि करदाताले लिएको जिकिर तथ्यपूर्ण मान्न नसकिने हुदां शुरु कार्यालयबाट भएको निर्णय सदर हुनुपर्छ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो।

९. उपर्युक्त बहस समेत सुनी मिसिल अध्ययन गरी प्रस्तुत सुरु निर्णय मिलेको छ, छैन र पुनरावेदन जिकिर अनुसार हुने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

१०. निर्णय तर्फ विचार गर्दा पुनरावेदक करदाताले आ.ब. ०७१/०७२ मा विक्री वितरण खर्च अन्तर्गत विज्ञापन खर्च भनेर दावी गरेको खर्चको विल भरपाई पेश भएको देखिदैन।रिकभरी खर्च वित्तिय विवरणको अनुसुची १० मा उल्लेख भएकोले सो खर्चलाई पृष्टी गर्ने प्रमाण समेत पेश गर्न नसकेको, रिकभरि खर्च कम्पनीको निति अनुरुप ९० दिनभित्र भुक्तानी नआएका असामीहरुबाट रकम असुल उपर गर्न लगाई सोबाट निश्चित प्रतिशतले हुने रकममा आयकर ऐन अनुसार अग्रिम करकट्टी दाखिला गरेको जिकिर लिएपनि करदाताको क्रेडिट पोलिसीमा कुनै नीतिगत निर्णय नगरेको सो खर्चलाई पृष्टी गर्ने आधिकारीक विल, भरपाई समेत पेश गर्न नसकेको स्पष्ट देखिन्छ।यसरी करदाताले मेश खर्चलाई कर्मचारीको खाजा उपलब्ध गराएको भनि **working lunch** अन्तर्गतको मेस खर्च वास्तविक खर्च दावी गरेको देखिएपनि विल भरपाई विनाको खर्चलाई खर्चकट्टी मान्न मिल्ने अवस्था देखिदैन।विविध खर्च वर्षभरको नित्यपूजा, दीपावली पूजा, विश्वकर्मा पूजा लगायत भएको खर्चलाई पनि वास्तविक खर्च नै हुन र विभिन्न खर्च शिर्षक अनुसारका अतिरिक्त खर्चलाई पनि विविध खर्च अन्तर्गतका वास्तविक खर्च भनी दावी गरेको तापनि सो विविध खर्चलाई पुष्टी गर्ने कुनै विल भरपाईबाट समेत एकिन हुन सक्ने अवस्था देखिदैन।

११. माथि विवेचित आधारमा स्थायी लेखा नं. ३०००४११२३ का पुनरावेदक करदाताको आ.ब.०७१/०७२ को आयकर निर्धारणको सम्बन्धमा शुरु ठूला करदाता कार्यालयबाट मिति २०७३।०३।२० मा भएको निर्णय मिलेकै देखिदा सदर हुने ठहर्छ । पुनराबेदकको पुनराबेदक जिकिर पुग्न सक्दैन ।

## तपसिल

प्रस्तुत फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौंलाई दिनू-----------------------------------------------------१

फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू----------२

प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मुद्दाको दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू----------------------------------३

नरनाथ गिरी

(राजस्व सदस्य)

उक्त रायमा हामीहरु सहमत छौं ।

पुष्प प्रसाद गुरागाई

(लेखा सदस्य)

किशोर सिलवाल

(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः- सनिता लामा

इतिसम्बत २०७६ साल माघ २३ गतेरोज ५ शुभम...........................................